वडाहरुले सरसफाईसँग सम्बन्धित मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदन तयार गरी अषाढ ३० गते भित्र नगरकार्यपालिकाको सम्बन्धित शाखामा पेश गर्नुपर्ने छ।

नगरपालिकाले सरसफाईसँग सम्बन्धित मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदन तयार गरी श्रावण ३० गते भित्र जिल्ला समन्वय समितिको सचिवालयमा पेश गर्नुपर्ने छ।

१२. **साझेदारी कार्यक्रम संचालन गरिनेः** (१) नगर पालिकाबाट खुल्ला दिशा मुक्त अभियानको दिगोपन तथा पूर्ण सरसफाई अवस्था प्राप्तीका लागि निम्न बिषयहरुमा सामुदायिक संस्था, निजी कम्पनी वा अन्य गैह्र नाफामुलक संस्था संग सहकार्य गर्न सक्नेछः

- सामुदायिक वा सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन
- सार्वजनिक शौचालय निर्माण, संचालन तथा व्यवस्थापन
- फोहर पानी प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन
- सेप्टिक ट्यांक सफाई सेवा
- मानब मलमुत्र ढुवानी तथा प्रशोधन
- अन्य उपयुक्त कार्य

(२) साझेदारी कार्यक्रम सञ्चालनका लागि निजी साझेदार ( Private Partner) छनौट तथा व्यवस्थापन गर्ने कार्य स्थानीय ऐन नियम बमोजिम गरिनेछ।

१३. **बजेट व्यवस्था गर्नु पर्नेः** नगरपालिकाबाट खुल्ला दिशा मुक्त अभियानको दिगोपनका लागि पूर्ण सरसफाई अवस्था प्राप्तीका लागि समुदायमा सचेतना कार्यक्रम सञ्चालन, योजना तर्जुमा, तथ्याङ्क संकलन, खानेपानी तथा सरसफाई सेवाको निरन्तता तथा नियमित मर्मत सुधार लगायतका कार्यहरुमा सहयोग गर्नेका लागि बजेट बिनियोजन गर्नु पर्नेछ।

१४. **उत्कृष्ठ वडालाई पुरस्कृत गरिनेः** खुल्ला दिशा मुक्त अभियानको दिगोपनका लागि पूर्ण सरसफाई सम्बन्धी

